प्रदेश लोक सेवा आयोग
लुम्बिनी प्रदेश

# प्रदेश निजामती सेवा अन्तर्गत नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, तेस्रो तह, वन रक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

पाठ्यक्रम रुपरेखाः यस पाठ्यक्रमको आधारमा निम्नानुसार चरणमा परीक्षा लिइने छ :

प्रथम चरणः लिखित परीक्षा — पूर्णाङ्कः ३०

द्वितीय चरणः शारीरिक तन्दुरुस्ती परीक्षण — पूर्णाङ्कः ५०

तृतीय चरणः अन्तर्वार्ता — पूर्णाङ्कः २०

**परीक्षा योजना (Examination Scheme)**

| चरण | परीक्षा | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या x अङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | लिखित परीक्षा | ३० | १२ | वस्तुगत बहुवैकल्पिक प्रश्न | ६० प्रश्न x ०.५ अङ्क | ५० मिनेट |
| द्वितीय | शारीरिक तन्दुरुस्ती परीक्षण | ५० | २५ | प्रयोगात्मक | | |
| तृतीय | अन्तर्वार्ता | २० | - | मौखिक | | - |

द्रष्टव्यः —

१. शारीरिक तन्दुरुस्ती परीक्षणको योजनाको बुँदा नं. (१) शारीरिक परीक्षणमा तोकिएको मापदण्ड पुग्ने उम्मेदवारहरुले मात्र दरखास्त भर्न सक्ने व्यहोराको जानकारी दिई/खुलाई विज्ञापन सूचना प्रकाशित गरिनेछ । शारीरिक परीक्षणमा तोकिएको मापदण्डमा अन्यथा हुन गएमा उम्मेदवार स्वयं जवाफदेही हुनुपर्नेछ ।

२. प्रथम चरणमा लिखित परीक्षा सञ्चालन हुनेछ।

३. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।

४. लिखित परीक्षामा न्यूनतम उत्तीर्णाङ्क प्राप्त गर्ने उम्मेदवारहरूलाई मात्र द्वितीय चरणको शारीरिक तन्दुरुस्ती परीक्षणमा सहभागि गराइनेछ।

५. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

६. यस पाठ्यक्रममा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका ऐन, नियमहरु तथा नीतिहरु परीक्षाको विज्ञापन हुँदाको बखत (संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

७. उम्मेदवारले पाठ्यक्रमसँग सम्बन्धित संवैधानिक व्यवस्था र सम्बन्धित ऐन तथा नियमावलीका बारेमा सामान्य जानकारी राख्नु पर्नेछ।

८. द्वितीय चरणको शारीरिक परीक्षण (क खण्ड)मा छनौट भएका उम्मेदवारहरु मात्र तन्दुरुन्ती परीक्षा (ख खण्ड) मा भाग लिन पाउने छन् । तन्दुरुस्ती परीक्षामा तोकिएका प्रत्येक इभेण्टहरुमा क्रमशः छनौट हुँदै गई सबै इभेण्टमा सफल भएका उम्मेदवारहरुलाई मात्र तृतीय चरणको परीक्षामा सम्मिलित हुन सक्नेछन्।

९. तन्दुरुस्ती परीक्षाको दौरानमा उम्मेदवार दुर्घटनामा परेमा वा कुनै पनि किसिमको भवितव्य हुन गएमा उम्मेदवार स्वयं जवाफदेही हुनुपर्नेछ।

१०. तृतीय चरणको अन्तर्वार्ताको लागि उम्मेदवार छनौट गर्दा प्रथम चरणको लिखित परीक्षामा प्राप्त अङ्क र द्वितीय चरणको तन्दुरुस्ती परीक्षाका क र ख खण्डका प्रत्येक इभेण्टका परीक्षणमा छनौट भएका मध्येबाट द्वितीय चरणको तन्दुरुस्ती परीक्षामा प्राप्त अङ्कको कुल योगको आधारमा प्रदेश लोक सेवा आयोग नियमावली अनुसार उम्मेदवारको नाम प्रकाशन गरिनेछ ।

प्रदेश लोक सेवा आयोग
लुम्बिनी प्रदेश

प्रदेश निजामती सेवा अन्तर्गत नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, तेस्रो तह, वन रक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

११.शारीरिक तन्दुरुस्ती परीक्षण साधन स्रोत उपलब्ध हुने तोकिएको स्थानमा मात्र हुनेछ ।

१२.प्रथम चरणको लिखित परीक्षाको अङ्क, द्वितीय चरणको शारीरिक तन्दुरुस्ती परीक्षणको अङ्क र अन्तर्वार्ताको अङ्क जोडी योग्यताक्रम अनुसार अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ ।

१३.**पाठ्यक्रम लागु मितिः २०८१।१०।२४**

*************

**प्रथम चरणः — लिखित परीक्षाको पाठ्यक्रम**

(वन सेवा, जनरल फरेष्ट्री समूह, तेस्रो तह, वन रक्षक पदको लागि)

निम्न लिखित विषयहरुमा सामान्य जानकारी/ज्ञानः

१. नेपालमा पाइने वन जंगल, वनस्पति लगायत वन्यजन्तुहरूको किसिम र वन प्रजाति बारे जानकारी
२. लुम्बिनी प्रदेशमा पाइने वन जंगल, वनस्पति लगायत वन्यजन्तुहरूको किसिम र वन प्रजाति बारे जानकारी
३. वन संरक्षण, वन तथा वन्यजन्तु सम्बन्धी अपराध नियन्त्रण र यस सम्बन्धी लागू हुने कानुनहरू
४. वन क्षेत्रको संरक्षण तथा वन गस्ती गर्दा ध्यान दिनु पर्ने कुराहरु
५. वन मापन र वन श्रोत मापन सम्बन्धी जानकारी
६. वन पैदावर छपान, कटान, मुछान र घाटगद्दी
७. टाँचा, दरपिठ, सिल, छोडपूर्जि र वन पैदावर ओसारपसार
८. वनजन्य अपराध, अवैध वन पैदावर तथा आखेटोपहार जफत, खानतलासि
९. आरोपित पक्राउ र हिरासतमा रहेका आरोपितहरुको बारेमा ध्यान दिनु पर्ने कुराहरु
१०. दुर्लभ, प्रतिबन्धित तथा संरक्षित वनस्पती र वन्यजन्तुहरु
११. माउ रुख पहिचान, विउ संकलन, विरुवा उत्पादन र वृक्षारोपण
१२. वन संरक्षणमा देखिएका मुख्य समस्या र चुनौतीहरु (वन डढेलो, अतिक्रमण, चरिचरण र वन पैदावार, चोरी, निकासी)
१३. वनको दिगो व्यवस्थापन, वन व्यवस्थापन पद्धति र वन संबर्द्धन प्रणाली सम्बन्धी सामान्य जानकारी
१४. वन्यजन्तुहरुको उद्धार र नियन्त्रण
१५. मानव वन्यजन्तु विचको द्वन्द न्यूनीकरण तथा व्यवस्थापन र वन्यजन्तुबाट हुने क्षतिको राहत सम्बन्धी सामान्य जानकारी
१६. राष्ट्रिय वन, सामुदायिक वन, कबुलियती वन, साझेदारी वन, धार्मिक वन, वन संरक्षण क्षेत्र, चक्ला वन र निजी वन विकास सम्बन्धी जानकारी

१७. वन विकाससँग सम्बन्धित प्रचार प्रसारका सामग्री तथा यिनीहरुको उपयोगिता
१८. प्रदेश वन संगठन (वन तथा वातावरण मन्त्रालय र अन्तर्गत)को संरचना सम्बन्धी जानकारी
१९. विरुवा तथा जडिबुटीको सामान्य परिचय र उपयोगिता
२०. लुम्बिनी प्रदेशमा पाइने चराचुरूङ्गीबारे सामान्य जानकारी
२१. जलवायु परिवर्तन, न्यूनीकरण र अनुकुलन, रेड प्लस
२२. प्रदेश वन ऐन, २०७८ (प्रस्तावना र परिच्छेद १- परिभाषा)
२३. प्रदेश निजामती ऐन, २०८० र प्रदेश निजामति सेवा नियमावली २०८० का मुख्य व्यवस्थाहरू (नियुक्ति, बढुवा, विदा, आचरण, सजाय र अवकाश)

## द्वितीय चरणः — शारीरिक तन्दुरुस्ती परीक्षणको योजना

### (क) शारीरिक परीक्षण

| सि.नं. | विवरण | पुरुष (न्यूनतम) | महिला (न्यूनतम) |
|---|---|---|---|
| १ | उचाइ | ५ फिट २ इन्च (५' २") | ५ फिट |
| २ | छाती | ३१ -३३ इन्च (३१"-३३") | -- |
| ३ | वजन | ५० के.जी. | ४२ के.जी. |
| ४ | आँखा परीक्षण | +२ देखि -२ भन्दा कमजोर नभएको | +२ देखि -२ भन्दा कमजोर नभएको |
| ५ | Color Vision Test | रंग पहिचान सम्बन्धी दोष नभएको | रंग पहिचान सम्बन्धी दोष नभएको |

### (ख) तन्दुरुस्ती परीक्षण

| सि.नं. | परीक्षाका इभेण्टहरु (Events) | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|
| १ | २०० मि. दौड | २० | यस परीक्षाका इभेण्टहरु शुरु गर्दा सि.नं. १ देखि क्रमशः ४ सम्म गर्नु पर्नेछ । सि.नं. १ अर्थात अगाडिको इभेण्टमा सफल नहुने उम्मेदवारहरु त्यसपछिको इभेण्टमा सहभागी हुन पाउने छैनन । |
| २ | ३००० मि. दौड | २० | |
| ३ | रुख चढ्ने | ५ | |
| ४ | पौडी | ५ | |

प्रदेश लोक सेवा आयोग

लुम्बिनी प्रदेश

प्रदेश निजामती सेवा अन्तर्गत नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, तेस्रो तह, वन रक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

## तन्दुरुस्ती परीक्षाको मूल्याङ्कन विधि

(१)२०० **मि. दौड**

| पुरुष | | महिला | |
|---|---|---|---|
| विवरण | अंक | विवरण | अंक |
| २८ सेकेन्ड सम्म | २० | ३४ सेकेन्ड सम्म | २० |
| २८.१ सेकेन्ड देखि ३२ सेकेन्ड सम्म | १५ | ३४.१ सेकेन्ड देखि ३८ सेकेन्ड सम्म | १५ |
| ३२.१ सेकेन्ड देखि ३६ सेकेन्ड सम्म | १० | ३८.१ सेकेन्ड देखि ४२ सेकेन्ड सम्म | १० |
| ३६.० सेकेन्ड भन्दा बढी | असफल | ४२.० सेकेन्ड भन्दा बढी | असफल |

**(२)३००० मि. दौड**

| पुरुष | | महिला | |
|---|---|---|---|
| विवरण | अंक | विवरण | अंक |
| १२ मिनेट सम्म | २० | १४ मिनेट सम्म | २० |
| १२.१ मिनेट देखि १४ मिनेटसम्म | १५ | १४.१ मिनेट देखि १६ मिनेटसम्म | १५ |
| १४.१ मिनेट देखि १६ मिनेटसम्म | १० | १६.१ मिनेट देखि १८ मिनेटसम्म | १० |
| १६.० मिनेट वा सोभन्दा बढी | असफल | १८.० मिनेट भन्दा बढी | असफल |

**(३)रुख चढ्ने**

| पुरुष | | महिला | |
|---|---|---|---|
| विवरण | अंक | विवरण | अंक |
| ७ मि. सम्म रुख चढ्न सक्ने | ५ | ५ मि. सम्म रुख चढ्न सक्ने | ५ |
| ७ मि. सम्म रुख चढ्न नसक्ने | असफल | ५ मि. सम्म रुख चढ्न नसक्ने | असफल |

(४)**पौडि खेल्ने (नदि/नाला, ताल)**

| पुरुष | | महिला | |
|---|---|---|---|
| विवरण | अंक | विवरण | अंक |
| ५.५ मि. सम्म दुरी पौडी खेली तर्न सक्ने | ५ | ४.५ मि. सम्म दुरी पौडी खेली तर्न सक्ने | ५ |
| ५.५ मि. सम्म दुरी पौडी खेली तर्न नसक्ने | असफल | ४.५ मि. सम्म दुरी पौडी खेली तर्न नसक्ने | असफल |